मिति २०८०।११।०६ गते उच्च सरकारी वकील कार्यालय तुलसीपुरका सहन्यायाधिवक्ता श्री मोहन सागर बश्यालको टोलीबाट जिल्ला सरकारी वकील कार्यालय, रोल्पाको कार्यालय निरिक्षण तथा अभियोजन परिक्षण गरियो। निरीक्षणको क्रममा कार्यालयको काम कारवाही नियमित रुपमा संचालन भएको पाइयो। कार्यालयबाट संम्पादन गरिएका कार्यहरु सन्तोषजनक छन तथापी थपसुधार र अग्रसरता देखाउनुपर्ने सम्वन्धमा देहाय बमोजिमको निर्देशन गरिएको छ।

१. कार्यालयमा अनुसूची-१ अन्तर्गत अदालततर्फ गत आ.व. ०७९/०८० बाट जिम्मेवारी सरी आएका ६३ थान र यस आ.व. मा हालसम्म ५१ थान गरी जम्मा ११४ तथा जिल्ला प्रशासन तर्फ आ. ब. ०७९/०८० बाट जिम्मेवारी सरी आएका ७ थान र यस आर्थिक वर्षमा हालसम्म ११ गरी १८ थान समेत जम्मा १३२ थान र अनुसूची २ तर्फ १ थान गरी जम्मा मुद्दा संख्या १३३ थान रहेकोमा फछ्यौंटतर्फ अदालतबाट ४४ थान र जिल्ला प्रशासन कार्यालयबाट ० (शुन्य) गरी जम्मा ४४ थान मुद्दा फैसला भई हाल मुद्दा संख्या ८९ रहेको देखियो । २ वर्ष अवधि व्यतित भएको मुद्दा नदेखिएकोले फस्यौंटको कार्यलाई यहि रुपमा अघि बढाउनुहोला ।

२. मूल दायरीको लगायतका रजिष्टरहरु तोकिएको ढाँचामा रहेको, रजिष्टर फारामहरुमा उल्लेखित विवरण नियमित रुपमा अद्यावधिक गरेको देखिएकोले यस कार्यलाई निरन्तरता दिनुहोला।

३. अनुसन्धान प्रतिवेदन प्राप्त हुनासाथ अपराध दर्ता किताबमा विवरण प्रविष्ट गरी प्रमाणित नक्कल मिसिल अध्यावधिक गर्दै जाने अदालतमा तयार भएका कागजातको नक्कल प्रमाणित गरी मिसिल समावेश गर्ने लगायतका कार्य भएकै देखिएकाले यसलाई निररन्तरता दिनुहोला ।

४. मुद्दा चलाउने/नचलाउने निर्णय, अभियोगपत्र तयार गर्दा मुद्दाको तथ्य प्रमाण, आधार र कारण सहित निर्णय गरेको पाइयो, यसलाई निरन्तरता दिनुहोला। पुनरावेदन गर्ने/नगर्ने मस्यौदा प्रस्तावहरु पठाउदा ढाचाँ, मुख्य कारण एवं तथ्य प्रमाणहरुको विश्लेषण गरी पठाउनेतर्फ विशेष ध्यान पुऱ्याउनुहोला ।

५. कार्यालयमा रहेका छिनुवा नक्कल मिसिलको तहगत र प्रतिवादी पिच्छे फैसला अभिलेख विवरण रजिष्टरमा प्रविष्ट गरी अन्तिम किनारा भएको निकासा पत्र कार्यालयमै सुरक्षित राखि बाँकी नक्कल मिसिल पंजिका बनाई सुरक्षित रुपमा अनुसन्धान निकायमा बुझाउनुहोला ।

६. रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनका लागि बार्षिक कार्ययोजना समेत तर्जुमा गरिएकोले सोही अनुरुपको क्रियाकलापहरु गरी गराई सोको प्रगति विवरण मास्केवारी सहित नियमित रुपमा तालुक कार्यालयमा पठाउने र बार्षिक कार्ययोजनाको नियमित समिक्षा गरी प्रभावकारी मुल्यांकन र सुधारका लागि तालुक कार्यालयमा सुझाव सहितको प्रतिवेदन पठाउने गर्नुहोला ।

७. यस पूर्व मिति २०८०।२।५ मा उच्च सरकारी वकील कार्यालयबाट निरीक्षणको क्रममा निर्देशन भइसकेका बिषयहरूको प्रभावकारी र निरन्तर कार्यान्वयन गर्ने गराउनेतर्फ विशेष ध्यान दिनुहोला ।

अन्तमा, बिभिन्न कार्यालयहरुसंगको सम्बन्ध तथा कार्यालयका कर्मचारीहरु बीचको अन्तरसम्बन्ध पनि र सुमधुर रहेको पाईदा यसलाई कायमै राख्नुहोला । सबैले ईमान्दारीतापूर्वक आ-आफ्नो जिम्मेवारी पुरा गर्नुहुनेछ भन्ने अपेक्षा सहित निरीक्षणको क्रममा जिल्ला न्यायाधिवक्ता श्री चुरामणी पराजुली लगायत साथै रहनु भएका उच्च सरकारी वकील कार्यालय तुलसीपुर दाङका सहायक न्यायाधिवक्ता टिका कुमारी रोका (के.सी.), नासु गोविन्द थापा एवं जिल्ला सरकारी वकील कार्यालय प्यूठानका सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद व्यक्त गर्दछु । प्रस्तुत निर्देशनको प्रतिलिपी उच्च सरकारी वकील कार्यालय तुलसीपुर र महान्यायधिवक्ताको कार्यालयमा समेत पठाई दिनुहोला । धन्यवाद ।

(मोहन सागर वश्याल)

सहन्यायाधिवक्ता

उच्च सरकारी वकील कार्यालय तुलसीपुर, दाङ।